नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी

बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा

BEST PROVINCE POLICE OF THE MONTH

२०७७ माघ

दर्जा, नाम :- प्रहरी नायव उपरीक्षक ईन्द्र बहादुर राना

दरबन्दी :- जिल्ला प्रहरी कार्यालय, मकवानपुर ।

कार्यरत:- जिल्ला प्रहरी कार्यालय, मकवानपुर ।

उत्कृष्ट कार्यको बिबरण

जिल्ला प्रहरी कार्यालय मकवानपुर दरबन्दीका प्र.ना.उ.ईन्द्र बहादुर रानाले आफुलाई सुम्पिएको जिम्मेवारी कुशलतापूर्वक एवं प्रशंसनीय ढंगबाट सम्पादन गर्दै मिति २०७७।१०।०५ गते जि.मकवानपुर मकवानपुरगढी गा.पा. वडा नं.-२ स्थित खोलाखेत बस्ने वर्ष ४६ की श्रीमाया गोलेको हत्यामा संलग्न रही फरार रहेका निजको श्रीमान देवराज गोलेलाई सुक्ष्म अनुसन्धान गरी नियन्त्रणमा लिन सफल भएको, बिभिन्न अपराधिक मुद्दाहरुमा सम्मानित अदालतहरुबाट फैसला तोकी फरार रहेका ३७ जना प्रतिवादीहरुलाई प्रभावकारी तवरले प्रहरी परिचालन गरी पक्राउ गरेको, मिति २०७७।१०।०८ गते निज प्र.ना.उ.को कमाण्डमा खटिई गएको प्रहरी टोलीले मकवानपुर जिल्लाको बिभिन्न स्थानहरुमा २० बिगाहा क्षेत्रफलमा अबैध रुपमा खेती गरेको गाँजा फडानी तथा लुकाई राखेको ४ क्विन्टल गाँजा जलाई नष्ट गर्नुका साथै बिभिन्न चेकजाँचको क्रममा लागु औषधहरु सहित ८ जना मानिसहरुलाई नियन्त्रणमा लिएको, मिति २०७७।०८।०३ गते जि.मकवानपुर मनहरी गा.पा.वडा नं.-६ जोगीताल बस्ने आमा सितामाया तामाङको ४ महिनाको छोरा कृष्ण तामाङलाई फुपु नाता पर्ने कुमारी तामाङले भारतको राजस्थान स्थित नागौरमा लिई गई फरार रहेकोमा निज प्र.ना.उ.ले प्रभावकारी समन्वय, सुचना संकलन, कल ट्रेसिङ गरी फेला पारी सकुशल आमालाई बुझाएको र जिल्लामा हुने बिभिन्न बन्द, हडताल, चक्का जाम लगायत कार्यक्रमहरुमा प्रभावकारी सुरक्षा योजना सहित प्रहरी परिचालन गरेको हुँदा निजबाट सम्पादित कार्यको उच्च मूल्याङ्कन गर्दै यसको निरन्तरताका साथै अन्य प्रहरी कर्मचारीहरु समेतलाई प्रोत्साहित गर्न निज प्र.ना.उ.ईन्द्र बहादुर रानालाई यस कार्यालयबाट २०७७ साल **माघ** महिनाको सर्वोत्कृष्ट प्रदेश प्रहरी (BEST PROVINCE POLICE OF THE MONTH) घोषणा गरिएको छ ।

प्रहरी नायव महानिरीक्षक
(बसन्त कुमार लामा)
बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा